# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

## Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

मितिः २०७३।०४।१८

प्रेश विज्ञप्ति

## बोर्डलाई IOSCO द्वारा सदस्यता प्रदान

धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था International Organisation of Securities Commissions (IOSCO) को बोर्डले नेपाल धितोपत्र बोर्डलाई जुलाई २०१६ देखि लागू हुने गरी एशोसियट सदस्यता प्रदान गरेको छ । कैयौं बर्षदेखि IOSCO को सदस्यता प्राप्त गर्न प्रयासरत बोर्डले हालै धितोपत्र बजारलाई पूर्ण स्वचालित बनाई विभिन्न सुधारात्मक कार्य गरेसँगै IOSCO को सदस्यता प्राप्त गरेको हो । यससँगै बोर्ड तथा नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुनुका साथै अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको नियमक निकायको रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा बोर्ड तथा नेपालको धितोपत्र बजारको पहिचान स्वतः स्थापित भएको छ । IOSCO को सदस्यता प्राप्त गरेसँगै नेपालको धितोपत्र बजारलाई देहाय बमोजिम उपलब्धिहरु हासिल हुने बोर्डले विश्वास लिएको छ :

- The Global Standard Setter for Securities Markets Regulation को रुपमा रहेको IOSCO को सदस्यता प्राप्त गरेपश्चात् आगामी दिनमा धितोपत्र बजारको नियमन तथा विकासमा अन्तर्राष्ट्रिय शीप, दक्षता तथा अनुभव हासिल गरी नेपालको धितोपत्र बजारको दिगो विकासमा थप सहयोग पुग्नेछ ।
- हाल दक्षिण एशियाका भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका सहित छिमेकी देश चीन लगायत विश्वका १२५ देशका नियमन निकायहरु सदस्य भई सकेको अबस्थामा बोर्ड IOSCO को सदस्य हुँदा धितोपत्र सम्बन्धी अन्तर्राष्ट्रिय संजालमा बोर्डको उपस्थिति देखिई अन्तर्राष्ट्रिय सम्बन्ध बृद्धि हुने र यसबाट बोर्डलाई धितोपत्र बजार नियमन सम्बन्धी अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको थप ज्ञान तथा अनुभव बृद्धि भई नियमन क्षमता अभिवृद्धि गर्न सहज हुने देखिन्छ ।
- धितोपत्र बजारमा लगानीकर्ताहरुको विश्वास अभिबृद्धि भई पुँजी प्रवाहमा वृद्धि हुने र यसबाट पुंजी परिचालनमा गतिशीलता आउने तथा पुँजीको लागत समेत कम गर्न सघाउ पुग्नेछ ।
- IOSCO मार्फत् बोर्ड तथा नेपालको धितोपत्र बजारको विश्वमा हुने चिनारीबाट विश्वका लगानीकर्ताहरुमा नेपालको धितोपत्र बजारको विश्वसनीयता अभिवृद्धि भई Cross Border Trading तथा Listing का लागि समेत महत्वपूर्ण आधार हुनेछ ।

बोर्डको सक्रियतामा हालै जुन २०१६ मा नेपाल Association of National Numbering Agencies (ANNA) को सदस्य भई अन्तर्राष्ट्रिय बजारमा उदय भएकोमा IOSCO को सदस्यता पश्चात् नेपालको धितोपत्र बजारको उचाई अझै बढ्दै गइरहेको छ ।

**नोटः IOSCO का महासचिवद्वारा बोर्डलाई पठाइएको सदस्यता पत्र यसैसाथ संलग्न गरिएको छ ।**

(निरज गिरी)
प्रवक्ता

OICU-IOSCO

1 August 2016

Dr. Rewat Bahadur Karki
Chairman
Securities Board of Nepal
Post Box 9031, Jawalakhel
Lalitpur, Nepal

Ref: 2016/PA/ GS/ SEBON/85

**Subject: IOSCO Associate Membership**

Dear Dr. Karki,

It is my pleasure to inform you that the IOSCO Board has accepted the application of the Securities Board of Nepal (SEBON) to become an Associate Member of IOSCO with effect from July 2016.

I would like to take this opportunity to welcome you warmly as a new member of IOSCO. I also wish to invite you to attend the Presidents Committee, which will take place in Jamaica in May 2017 as part of the IOSCO Annual Conference.

If the SEBON wishes to be part of the Growth and Emerging Markets Committee, please feel free to write a letter to the Chairman, Mr. Ranjit Ajit Singh, to indicate your interest. He can be reached at ranjit@seccom.com.my. Please also send a copy to neetasha@seccom.com.my and the General Secretariat (gemteam@iosco.org). We also plan to include and welcome the SEBON to IOSCO's Asia-Pacific Regional Committee.

Finally, to access the "Members only" section of the IOSCO webpage and create an individual Members' Area account please go to https://www.iosco.org/members_area/, click on Request Login and follow the instructions to register. If you encounter any issues do not hesitate to contact itsupport@iosco.org.

Please do not hesitate to contact me if you require any additional information. We are very pleased you are joining IOSCO.

Best regards,

Paul P Andrews

Paul P. Andrews
Secretary General

Calle Oquendo 12
28006 Madrid
ESPAÑA